आज मिति २०७७ साल असोज १८ गते आइतवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ६२औं कार्यापालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रह्यो ।

उपस्थिति

| क्र.सं | पदाधिकारीको नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री प्रकाश अधिकारी | प्रमुख | टोखा १० | |
| २ | श्री ज्ञानमाया डंगोल | उपप्रमुख | टोखा २ | |
| ३ | श्री श्रीकृष्ण अधिकारी | वडा अध्यक्ष | टोखा १ | |
| ४ | श्री दिपकराज जोशी | वडा अध्यक्ष | टोखा २ | |
| ५ | श्री सिंहराज श्रेष्ठ | वडा अध्यक्ष | टोखा ३ | |
| ६ | श्री धर्मेन्द्र श्रेष्ठ | वडा अध्यक्ष | टोखा ४ | |
| ७ | श्री जगन्नाथ ढकाल | वडा अध्यक्ष | टोखा ५ | |
| ८ | श्री महेश्वर के.सी. | वडा अध्यक्ष | टोखा ६ | |
| ९ | श्री नरोत्तम राना | वडा अध्यक्ष | टोखा ७ | |
| १० | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | टोखा ८ | |
| ११ | श्री जोग प्रसाद नेपाल | वडा अध्यक्ष | टोखा ९ | |
| १२ | श्री मधुसुदन पाण्डे | वडा अध्यक्ष | टोखा १० | |
| १३ | श्री उत्तम अधिकारी | वडा अध्यक्ष | टोखा ११ | |
| १४ | श्री पार्वती अधिकारी | कार्यपालिका सदस्य | टोखा ४ | |
| १५ | श्री कल्पना घिमिरे | कार्यपालिका सदस्य | टोखा ५ | |
| १६ | श्री जगतमाया महर्जन | कार्यपालिका सदस्य | टोखा ९ | |
| १७ | श्री उर्मिला बि.क. | कार्यपालिका सदस्य | टोखा ७ | |
| १८ | श्री शोभा तामाङ | कार्यपालिका सदस्य | टोखा ८ | |
| १९ | श्री लिला भुजेल | कार्यपालिका सदस्य | टोखा | |
| २० | श्री बच्चुराज बस्याल | कार्यपालिका सदस्य | टोखा | |
| २१ | श्री सन्जिव सुनुवार | कार्यपालिका सदस्य | टोखा | |
| २२ | श्री प्रदिप पौडेल | प्र.प्र.अधिकृत/सदस्य सचिव | टोखा | |

६२ औं कार्यपालिका बैठकका निर्णयहरु

मिति २०७७ असोज १८ गते

## निर्णयहरु

### निर्णय नं. १

मेयर उज्यालो कार्यक्रम अन्तरगत परामर्शदाता वाट पेश भए बमोजिमको Smart light को Technical Specification लाई नै स्विकृत गर्ने । साथै, सो Specification बमोजिमको smart light को rate analysis जिल्ला दररेटमा नभएकोले बजार वाट दर रेटको प्रस्ताव माग गरी पेश भएको न्यूनतम दर रेटको आधारमा लागत अनुमान तयार गरी खरिद प्रकृया अघि बढाउने ।

### निर्णय नं. २

संघीय तथा प्रदेश सरकार, राष्ट्रिय योजना आयोग तथा प्रदेश नीति तथा योजना आयोगको नीति, निर्देशन अनुसार यस नगरपालिकाको आवधिक योजना बनाउन आवस्यक भएकोले परामर्श सेवा मार्फत सो को प्रकृया अघि बढाउने ।

### निर्णय नं. ३

नगरपालिकाको शिक्षा शाखा वाट पेश भएका सम्पूर्ण प्रस्तावहरु तथा स्वास्थ्य शाखा वाट पेश भएका कार्यविधिहरुको मस्यौदा बारे सामाजिक विकास समितिले थप अध्ययन गरी नगर प्रमुख समक्ष पेश गर्ने र सामाजिक विकास समितिले पेश गरेको आधारमा नगर प्रमुखले स्विकृत गरे पश्चात लागु गर्ने ।

### निर्णय नं. ४

नगरपालिका भित्रका संस्थागत विद्यालयहरुले विद्यार्थीहरुलाई प्रदान गर्ने छात्रवृत्ति वितरण सम्बन्धमा कानुनी व्यवस्था गर्न कार्यविधि तयार गरी लागु गर्ने ।

### निर्णय नं. ५

टोखा न.पा. भित्र अटो रिक्सा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्न सुशासन समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

### निर्णय नं. ६

नगर कार्यपालिकाको ६१ औं बैठक वाट निर्णय भएको कोभिड १९ सँग सम्बन्धित कार्यमा खटिने स्वास्थ्यकर्मी एवं अन्य कर्मचारीहरुको लागी उपलव्ध गराउने जोखिम भत्ता दर लाई २०७७ असोज १ बाट लागु हुने गरी तपशिल बमोजिम पुनरावलोकन गर्ने । यो भत्ता दर अर्को व्यवस्था भएकोका बाहेक २०७७ मंसिर मसान्त सम्म मात्र लागु हुने ।

**तपशिल**

६२ औं कार्यपालिका बैठकका निर्णयहरु

मिति २०७७ असोज १८ गते

| विवरण | भत्ता दर | कैफियत |
|---|---|---|
| **मेडिकल अधिकृतले प्रमाणित गरेको आधारमा** | | |
| कोभिड १९ नियन्त्रणको लागी Isolation Ward मा अग्रभागमा प्रत्यक्ष खटिने मेडिकल अधिकृत १, पारामेडिक्स १, नर्सिङ १, का.स. २ र सुरक्षा गार्ड १ जना र एम्बुलेन्स ड्राईभर सहितको टिम ) | १०० प्रतिशत | ७ दिन ड्युटी र १४ दिन क्वारेन्टाईन गरी जम्मा २१ दिन |
| कोभिड १९ नियन्त्रणको लागी स्वाब संकलन, Contact Tressing मा खटिने कर्मचारी | दैनिक रु. १,५०० महिनामा बढीमा २० दिन सम्म | |
| **स्वास्थ्य शाखाको सिफारिसको आधारमा** | | |
| कोभिड १९ नियन्त्रण संग सम्बन्धित कार्यमा खटिने ड्राईभर तथा कार्यालय सहयोगीहरु | २५ प्रतिशत, महिनामा बढीमा २० दिन सम्म | |
| कोभिड १९ नियन्त्रणमा अप्रत्यक्ष खटिने न.पा. स्वास्थ्य शाखामा कार्यरत कर्मचारी तथा नियमित सेवा प्रवाह गर्ने अन्य स्वास्थ्यकर्मीहरु | २५ प्रतिशत | |
| सार्वजनिक विदाको दिन अनुगमन भएमा नियमानुसार भत्ता उपलब्ध गराईने । | | |

एउटै कर्मचारीको दोहोरो भत्ता पर्न गएमा एउटा भत्ता मात्र लिनुपर्ने ।
खाईपाई आएको सुरु तलब स्केलको आधारमा, दैनिक हाँजिरीको आधारमा भत्ता हिसाब गरिने ।

**निर्णय नं. ७**

नगर कार्यपालिकाको ६० औं बैठक वाट कोरोना पोजेटिभ भई Home Isolation मा बस्न चाहने संक्रमित व्यक्तिलाई सन्तुलित भोजनको लागी स्वास्थ्य शाखाको सिफारिसको आधारमा प्रति व्यक्ति प्रति दिन रु. ३५० उपलब्ध गराउने निर्णय भएकोमा तपशिल बमोजिम थप स्पष्ट पारिएको ।

- उक्त भत्ता टोखा न.पा. का स्थायी बासिन्दालाई मात्र प्रदान गर्ने ( नागरिकता, बसाईसराई, विवाह दर्ता, मतदाता नामावली परिचयपत्र, घर नक्सा पास प्रमाणपत्रको आधारमा ) ।
- अर्को व्यवस्था भएकोमा बाहेक उक्त भत्ता २०७७ मंसिर समान्त सम्म मात्र प्रदान गर्ने ।
- एकै परिवारमा २ वा २ भन्दा बढी जतिसुकै संख्यामा संक्रमित भए पनि थप २,१०० गरी जममा ७,००० प्रदान गर्ने ।

**निर्णय नं. ८**

नेपाल सरकारले लिएको दिगो विकास लक्ष्यलाई नगरपालिकाको नीति तथा कार्यक्रम संग internalize गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

६२ औं कार्यपालिका बैठकका निर्णयहरु मिति २०७७ असोज १८ गते

नि.नं. ९

चालु आ.व. मा नगरपालिका वाट संचालन हुने सम्पूर्ण निर्माण सम्बन्धी कार्यको लागी स्विकृत काठमाडौं जिल्ला दर रेट लाई आधार मानी rate analysis स्विकृत गर्ने । साथै, जिल्ला दर रेटमा उल्लेख नभएका item को हकमा नेपाल सरकार, प्रदेश सरकार, काठमाडौं उपत्यका भित्रका अन्य स्थानीय तहहरुको rate analysis लाई आधार मान्न सकिने वा बजार वाट Quotation मार्फत दर रेट लिई न्यूनतम दर लाई आधार मानी लागत अनुमान तयार गर्न सकिने गरी कार्यान्वयन प्रकृया अघि बढाउने ।

**निर्णय नं. १०**

चालु आ.व. मा हाल सम्म नगर प्रमुखको तोक आदेश र मर्मत सम्भार कोष वाट भएका सम्पूर्ण खर्चहरु अनुमोदन गर्ने ।

**निर्णय नं. ११**

नगरपालिकाको प्राविधिक शाखामा कार्यरत कर्मचारीहरुलाई कार्यालय दिनको कार्यालय समय बाहेक मासिक १६० घण्टा अतिरिक्त काम गरे वापत खाईपाई आएको तलब आधारभूत स्केलको ५० प्रतिशत हुने गरी प्राविधिक शाखा प्रमुख वाट हाँजिरी प्रमाणित गरी सिफारिस भए बमोजिम अतिरिक्त काम गरेको घण्टाको आधारमा समानुपातिक रुपमा प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

**निर्णय नं. १२**

तपशिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- सपनेश्वरी कन्स्ट्रक्सन प्रा.लि. टो.न.पा. २

**निर्णय नं. १३**

चालु आ.व. मा डिपिआर तयारीको लागी बजेट विनियोजन नभएकोले आगामी नगर सभा वाट बजेट व्यवस्थापन भएपछी मात्र भुक्तानी प्रकृया अघि बढाउने गरी हाललाई तपशिल बमोजिम डिपिआर निर्माण प्रकृया अघि बढाउने ।

टो.न.पा. १ स्थित गुम्बाको डिपिआर

टो.न.पा. २ मा खेलकुद मैदान ( ईन्डोर हल ) निर्माण